कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २५ | अंक: २२० | वि.सं. २०८२ मंसिर १६ मंगलवार | नेपाल संवत्: ११४५, मंसिर शुक्लपक्ष द्वादशी | Tuesday 2 December 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ |-

## एमाले महाधिवेशन :

# कर्णालीमा एक्लिए ईश्वर पोखरेल !

"२०८० असोजमा भएको कर्णाली प्रदेश अधिवेशनमा पार्टी अध्यक्ष ओलीले भनेका उम्मेदवार हराउन अघि बढेका नेताहरु ११ औं महाधिवेशन नजिकिँदै गर्दा ओलीतर्फ ढल्किएका छन् ।

**दिनेश बुढा**
**सुर्खेत, १५ मंसिर ।**

नेकपा एमालेको ११औं महाधिवेशनका लागि कर्णाली प्रदेशबाट ११३ प्रतिनिधि छनौट भएका छन् । एमालेले मंसिर २७-२९ भक्तपुरको सल्लाघारीमा हुने महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको टुङ्गो लगाएको हो । १० वटै जिल्लाबाट महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको टुङ्गो लागेको प्रदेश कमिटी अध्यक्ष गुलावजंग शाहले जानकारी दिए । उनकाअनुसार रुकुमपश्चिम बाहेक अन्य नौ जिल्लामा सर्वसम्वत महाधिवेशन प्रतिनिधि छनौट भएका छन् । यद्यपी केही जिल्लाको बाहेक छानिएका प्रतिनिधिहरुको नाम सार्वजनिक भएको छैन् ।

एमाले कर्णाली प्रदेश कमिटी उपाध्यक्ष टेकराज पछाईंले रुकुमपश्चिम बाहेक अन्य जिल्लामा सर्वसम्वत प्रतिनिधि छनौट भएको जानकारी दिए । उनले भने, 'मुगुबाट छनौट हुने ६ जना प्रतिनिधि बाहेक अन्य जिल्लाबाट छनौट भएका प्रतिनिधिहरुको नामावाली आइसेकेको छ । कर्णालीमा एमालेका ४७ हजार संगठित सदस्य छन् । एमालेको १५ कार्तिकमा बसेको केन्द्रीय सचिवालय बैठकले गरेको निर्णयअनुसार महाधिवेशन प्रतिनिधि छनौट गरिएको छ ।'

उपाध्यक्ष पछाईंका अनुसार हुम्लामा ६ जना, मुगु ६ जना, जुम्ला ६, कालीकोट ८, डोल्पा ८ जना, दैलेख २० जना, सुर्खेत २१ जना, जाजरकोट १२ जना, रुकुमपश्चिम ६ जना र सल्यानबाट ८ जना प्रतिनिधि चयन भएका छन् । अन्यमा मजदुर संगठनबाट, कर्णाली सम्पर्क मञ्चबाट र प्रदेश पार्टी कमिटीबाट प्रतिनिधि छनौट गरिएको छ ।



## कर्णालीमा ओलीकै दवदवा

पुर्व राष्ट्रपति विद्यादेवी भण्डारीको साथ लिएर ११औं महाधिवेशनमा एमालेको अध्यक्ष पदमा उम्मेदवारी दाबी गरेका ईश्वर पोखरेल कर्णालीमा भने एक्लिएका छन् । कर्णाली प्रदेशबाट महाधिवेशन प्रतिनिधिको टुङ्गो लाग्दा अध्यक्षका प्रत्यासी वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेलको पक्षमा कुनै पनि नेता खुल्ने हिक्मत गरेका छैनन् ।

कर्णाली प्रदेश अध्यक्ष शाहले कर्णाली प्रदेशबाट छनौट भएका प्रतिनिधिहरु कुनै पनि गुट उप-गुटबाट नभई सर्वसम्मत रुपमा भएको दाबी गरे । अध्यक्ष शाहले प्रदेशका १० जिल्ला मध्ये रुकुमपश्चिममा पार्टीको जिल्लाको आन्तरिक विवादका कारण निर्वाचन भएको बताए । उनले भने, '१० जिल्ला मध्ये ९ जिल्लामा महाधिवेशन प्रतिनिधि सर्वसम्मत चयन भएको छ ।

रुकुमपश्चिमा पार्टी केन्द्रका पक्षविपक्ष नभई आन्तरिक विवादका कारण निर्वाचन भएको हो । अन्य जिल्लामा सर्वसम्मत प्रतिनिधि चयन गरिएका छन् । यहाँ कुनै गुट छैन् ।' कर्णाली प्रदेशमा छनौट भएका प्रतिनिधिहरु सबै संस्थापन पक्ष पार्टी अध्यक्ष केपी ओली समूहमा देखिएका छन् । उनीहरुले एमालेको भावी अध्यक्ष ओलीको विकल्प नरहेको भन्दै पोखरेललाई साथ नदिने पक्षमा पुगेको कर्णालीबाट महाधिवेशन प्रतिनिधि रहेका एक नेताले दाबी गरे । यद्यपी प्रतिनिधि हुनका लागि नखुलेको पनि हुनसक्ने उनले बताए । 'हामी त केपी ओलीलाई नै अध्यक्ष बनाउनुपर्छ भनेर लागेका छौं,' उनले भने, 'ओलीको विकल्प खोज्नेहरु अहिलेसम्म देखिएका छैनन् ।'

त्यस्तै, नेकपा एमाले सुर्खेतका उपाध्यक्ष तथा महाधिवेशन प्रतिनिधि मोहनसिंह बडुवालले कर्णाली हालसम्म कर्णाली प्रदेशले पदाधिकारी नभएको भन्दै ११औं महाधिवेशनबाट कर्णालीले पनि पदाधिकारी पाउनुपर्ने माग गरे । 'कर्णालीमा कुनै गुट छैन् । एउटै छ । त्यो केन्द्रमा केपी ओली ।'

यस्तै, नेकपा एमाले जिल्ला कमिटि डोल्पाका अध्यक्ष लंकबहादुर रोकायाले प्रतिनिधि छनौटमा कुनै विवाद नभएर सर्वसम्मत रुपमा चयन भएको जानकारी दिए । आफु युवा (४० वर्षमुनी) कोटाबाट प्रतिनिधि छनौट भएका अध्यक्ष रोकायाले प्रतिनिधिहरु सबै संस्थापन पक्ष एमाले अध्यक्ष ओली समूहका रहेका दाबी गरे ।

## केन्द्रीय नेताहरु पनि ओलीतर्फ ढल्किए

२०८० असोजमा भएको नेकपा एमाले कर्णाली प्रदेश कमिटिको दोस्रो अधिवेशनमा पार्टी अध्यक्ष ओलीले भनेको कुरा नमान्ने एमालेका केन्द्रीय कमिटिका नेताहरु महाधिवेशनमा समयमा ओलीतर्फ ढल्किएका छन् । उक्त अधिवेशनबाट एमाले कर्णाली प्रदेश अध्यक्ष पदमा सल्यानका गुलावजंग शाह र कालीकोटका मीनबहादुर शाहीबीच निर्वाचन भएको थियो ।


त्यस समयमा एमाले अध्यक्ष ओलीले मीनबहादुर शाहीलाई अध्यक्षमा सहयोग गर्न कर्णाली प्रदेशबाट केन्द्रीय कमिटिमा प्रतिनिधित्व गर्ने प्रत्येक नेताहरुलाई फोन गरेर अनुरोध गरेका थिए । तर, त्यतिबेला अधिकांश केन्द्रीय कमिटि सदस्यहरुले ओलीको अनुरोधलाई इन्कार गरेका थिए । जसका कारण ओलीले सहयोग गरेका उम्मेदवार शाही अर्का प्रतिद्धन्द्वी शाहसँग पराजित भए ।

अधिवेशनमा शाहलाई हाल कर्णाली प्रदेशका मुख्यमन्त्री तथा एमाले स्थायी कमिटि सदस्य यामलाल कँडेल, पोलिटब्यूरो सदस्यहरु मुगुका मोहन बानियाँ, जाजरकोटका भैरवसून्दर श्रेष्ठ, दैलेखका लक्ष्मीप्रसाद पोखरेल तथा केन्द्रीय सदस्यहरु, हुम्लाका दल रावल, डोल्पाकी बद्मी बोहरा, दैलेखका राजबहादुर बुढा, मिनासिंह रखाल, धर्मराज रेग्मी, जाजरकोटका सिपी घर्ती, डम्बरबहादुर सिंह लगायतका नेताहरुले सहयोग गरेका थिए ।

त्यस्तै, ओलीले सहयोग मागेका मीनबहादुर शाहीको पक्षमा एमाले स्थायी

बाँकी ४ पेजमा

## बाँकेमा ११९ एचआइभी सङ्क्रमित फेला



**युग संवाददाता**
**नेपालगञ्ज, १५ मंसिर ।**

बाँकेमा एचआइभी सङ्क्रमितको सङ्ख्या ११९ पुगेको छ । जिल्ला स्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार आर्थिक वर्ष २०८१/८२ मा ८० र चालु आर्थिक वर्षमा ३९ जनामा एचआइभी सङ्क्रमित फेला परेको हो ।

जिल्ला स्वास्थ्य कार्यालयका एचआइभी 'फोकल पर्सन' रवीन्द्र शाहले साउनयता चार महिनामा मात्रै ३९ जनामा एचआइभी सङ्क्रमण पुष्टि भएको जानकारी दिए । तीमध्ये २७ पुरुष र १२ महिला रहेका छन् । सङ्क्रमितध्ये आठ जना ३९ वर्षमाथिका र १५ देखि ४९ वर्षसम्मका ३१ जना छन् ।

आर्थिक वर्ष २०८१/८२ मा फेला परेका एचआइभी सङ्क्रमित ८० जनामध्ये १५ देखि ४९ वर्षसम्मका ६६, ४९ वर्षमाथिका आठ र १५ वर्षमुनिका ६ जना रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । शाहले पछिल्लो समय जनचेतनामूलक कार्यक्रम लगायतका कारण एचआइभी सङ्क्रमितको सङ्ख्या घट्दो अवस्थामा रहेको जानकारी दिँदै बाँकेमा रहेका एचआइभी सङ्क्रमितहरूले भेरी अस्पताल, नेपालगन्जबाट निःशुल्क औषधि पाइरहेको बताए ।

"बाँकेका विभिन्न स्थानमा रहेका स्वास्थ्य चौकीमा पनि एचआइभी परीक्षण हुन्छ तर अन्तिममा भेरीमा परीक्षण गरेपछि मात्रै निष्कर्षमा पुगिन्छ," उनले भने । जिल्लामा आव २०८०/८१ मा १०१ जना एचआइभी सङ्क्रमित फेला परेका थिए ।

जिल्लामा १० हजार ७५९ जनामा परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमित फेला परेका थिए । त्यसअघिको आव २०७९/८० मा १०९ जनामा सङ्क्रमण देखिएको थियो । उक्त आवमा १७ हजार ३२८ जनामा परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमित फेला परेका थिए ।

फोकल पर्सन शाहले बाँकेमा आव २०८१/८२ मा ६१३ जना एचआइभी सङ्क्रमित भेरी अस्पतालमा 'एआरटी' उपचारमा रहेको बताए । त्यसैगरी पिएमटिसिटी कार्यक्रमअन्तर्गत २८ हजार २३४ जना गर्भवती आमाहरूलाई एचआइभी जाँच गर्दा नयाँ एचआइभी सङ्क्रमित नभेटिएको बताइएको छ ।

भेरी अस्पताल नेपालगञ्जमा गत आव २०८०/८१ मा सात जना एचआइभी सङ्क्रमित महिलाले स्वस्थ बच्चा जन्माएका थिए भने अघिल्लो आवमा पाँच जना सङ्क्रमितले स्वस्थ बच्चा जन्माएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

**घर भाडामा रहेको सूचना**

वीरेन्द्रनगर रंगशालाको पुर्व पट्टी रहेको गेटको अगाडि मनकामना होटल रहेको पुरै घर होटल प्रयोजनका लागि भाडामा भएको हुदाँ इच्छुक व्यक्तिले तुरुन्तै सम्पर्क गर्नुहुन अनुरोध छ ।

**तपशिल :**
**नाम :** रमेश कुमार ढकाल
**ठेगाना :** वीन.न.पा-८ (आवाश क्षेत्र)
**सम्पर्क नम्बर :** ९८५८०५००१९



# शुक्लाफाँटाका सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको पारिश्रमिकमा वृद्धि

**युग संवाददाता**
**कञ्चनपुर, १५ मंसिर ।**

शुक्लाफाँटा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको पारिश्रमिकमा वृद्धि गर्ने निर्णय गरिएको छ। नगर शिक्षा समितिको बैठकले बालविकास शिक्षक, विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीसमेतलाई थप पारिश्रमिक उपलब्ध गराउने निर्णय गरेको हो। यी सबै निर्णय आगामी पुस १ गतेदेखि लागू हुने शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख टिकेन्द्रराज भट्टले जानकारी दिए।

नगर शिक्षा समितिको निर्णयअनुसार नगर शिक्षण-सिकाइ सहयोग अनुदानअन्तर्गत कार्यरत शिक्षकको पारिश्रमिक, भत्ता तथा व्यवस्थापनसम्बन्धी बजेट व्यवस्थापनका लागि सिफारिस गरिने भएको छ। समितिले गुणस्तर सुधार तथा सिकाइ प्रभावकारितामा जोड दिँदै विभिन्न तहका शिक्षक तथा विद्यालय कर्मचारीको सुविधा समायोजन गरेको प्रमुख भट्टले बताए।




माध्यमिक तहमा गणित तथा विज्ञान विषय अध्यापन गर्ने शिक्षकलाई मासिक रु ५०० विशेष अनुदान प्रदान गरिने निर्णय गरिएको छ। यसैगरी माध्यमिक तहका प्रधानाध्यापकको भत्तामा रु ७०० र आधारभूत तहका प्रधानाध्यापकको भत्तामा रु ५०० थप गरिनेछ।

विद्यालयको प्रशासनिक कार्य प्रभावकारी बनाउन माध्यमिक विद्यालयलाई रु १५ हजार, आधारभूत तहलाई रु १० हजार प्रशासनिक खर्चका रूपमा उपलब्ध गराइने निर्णय भएको शाखा प्रमुख भट्टले बताए। उनका अनुसार बालविकास तहमा अध्यापन गर्दै आएका शिक्षकलाई थप रु सात हजार गरी रु १९ हजार, विद्यालय सहायक कर्मचारीलाई रु नौ हजार थप गरी रु २४ हजार र विद्यालय सहयोगी कर्मचारीलाई रु सात हजार थप गरी रु १७ हजार मासिक पारिश्रमिक दिने निर्णय गरिएको छ।

अतिरिक्त जिम्मेवारी दिइएका बालविकास शिक्षकलाई मासिक रु दुई हजार थप अतिरिक्त रकमसमेत उपलब्ध हुनेछ। नगर शिक्षण-सिकाइ अनुदान शिक्षकको अद्यावधिक तलब-भत्ताको रकममा वृद्धि गरी निम्न माध्यमिक तहका शिक्षकलाई रु २३ हजार, माध्यमिक तहका शिक्षकलाई रु २६ हजार र साविक उच्च माध्यमिक तहका शिक्षकलाई रु २७ हजार तलब भत्ताको रकम उपलब्ध गराइने छ। तीन वटै तहका शिक्षकको तलबमा रु एक हजारले वृद्धि गर्ने निर्णय गरिएको छ।

"यो तलब-भत्ता १३ महिना बराबर उपलब्ध गराइने व्यवस्था गरिएको छ", शाखा प्रमुख भट्टले भने, "शिक्षकलाई यसका अतिरिक्त हरेक वर्ष रु १० हजार बराबरको पोसाक खर्च उपलब्ध गराइनेछ।" नगरपालिकामा सामुदायिक विद्यालयमा ८८ नगर शिक्षक, ६५ बालविकास केन्द्र शिक्षक, विद्यालय कर्मचारी १३ र विद्यालय सहयोगी ३३ जना कार्यरत रहेका छन्।

स्वीकृत दरबन्दी प्राथमिक तहमा ७३, निम्न माध्यमिक विद्यालयमा १६, माध्यमिक तहमा आठ र उच्च माध्यमिक तहमा दुई रहेका छन्। राहत कोटा प्राथमिक तहमा ५०, निम्न माध्यमिक तहमा २५, माध्यमिक तहमा १६ र उच्च माध्यमिक तहमा आठ रहेका छन्।

# तुलसीपुर औद्योगिक ग्राममा संरचना बन्दै

**युग संवाददाता**
**दाङ, १५ मंसिर ।**

दाङको तुलसीपुर उपमहानगरपालिका-१६ स्थित औद्योगिकग्राम निर्माणाधीन क्षेत्रमा संरचना बन्न थालेका छन्। अहिले सरसफाइ प्रशोधन गर्ने उद्योगले संरचना निर्माण थालेको छ। स्मार्ट मल्टिकन्सेप्ट ग्रुप प्रालिले फोहर सङ्कलन, प्रशोधन गरेर प्लास्टिकजन्य वस्तु निर्माणका लागि कच्चापदार्थ तयार गर्नेछ।

सञ्चालक रवीन्द्र विक्रम केसीका अनुसार बजारमा अहिले फोहर व्यवस्थापन चुनौतीपूर्ण रहेकाले उक्त उद्योग स्थापना गर्न लागिएको हो। त्यस्तै सोही उद्योगले कृषिजन्य वस्तु खरिद गर्ने, प्रशोधन गरेर बजारीकरण गर्नेसमेत योजना बनाएको उनले बताए। अहिलेको युवा जनशक्तिलाई स्वदेशमै रोक्नुका साथै कृषि क्षेत्रमा देखिएको बजारीकरणको समस्यालाई रोक्नका लागि यस्तो कार्य गरिएको उनको भनाइ थियो।

त्यस्तै उनले तुलसीपुरमा अग्नि नियन्त्रणका लागि फायर फाइटरको 'रिफुलिङ'समेत गर्नेगरी तयारी गरेको बताए। "हामीले गर्न खोजेको सामाजिक अभियान हो", उनले भने, "यहाँको फोहर प्रशोधन गरेर रबर उद्योग, कृषिको बजारीकरण र अग्नि नियन्त्रण कार्यमा हाम्रो भूमिका रहनेछ।" करिब रु ३३ लाखको लागतमा उक्त संरचना निर्माण गर्न लागेको उनको भनाई छ।

तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले सोही उद्योग ग्राममा आफै संरचना बनाएर व्यवसाय सञ्चालन गर्न चाहेमा पाँच वर्षको कर छुट गर्नेसमेत बताए। उपमहानगरपालिकाले संरचना बनाएमा भने न्यूनतम कर तिर्ने व्यवस्था मिलाउने बताए।

साथै उद्योग ग्रामको सुरक्षाका लागि आवाससहित नगर प्रहरीको समेत व्यवस्था गर्ने उनले बताए। ग्वारखोलाको किनारमा उक्त उद्योग ग्राम निर्माण हुन लागेको हो। जहाँ एक सय तीन जनाले अतिक्रमण गरेर घर टहरा बनाएका थिए। ती घर टहरा बनाएकालाई प्रति घरलाई डेढ कठ्ठा दिएर उद्योग ग्रामका लागि जग्गा छुट्याइएको थियो। हाल १३ बिगाहा जग्गामा उद्योगग्राम निर्माण गर्न थालिएको छ।

केही समयअघि उद्योगग्रामस्थलमा पर्खालसमेत लगाइएको छ। सोही उद्योगग्राम क्षेत्रमा संरचना निर्माणका लागि उपमहानगरपालिकाले रु ५० लाख बजेटसमेत छुट्याइएको छ। औद्योगिक ग्राम निर्माण भएमा व्यवसायीलाई निकै सहज हुने ग्रिल व्यवसायी ओमबहादुर वलीले बताए।

अहिले बजारमा हुँदा निकै समस्या हुने गरेकोसमेत उनको भनाइ छ। साथै छापाखाना व्यवसायी शालिकराम बस्नेतले पनि उद्योगग्राम निर्माण भएमा आफूहरूलाई भाडा पनि सस्तो हुने र सहज पनि हुने बताए।

# तिला गाउँपालिकाद्वारा २६ लाख राजस्व सङ्कलन

**युग संवाददाता**
**जुम्ला, १५ मंसिर ।**

यहाँको तिला गाउँपालिकाले एकवर्षमा २६ लाख १४ हजार रुपैयाँ आन्तरिक राजस्व सङ्कलन गरेको छ। गाउँपालिकाले सार्वजनिक सुनुवाइ कार्यक्रममार्फत गत आर्थिक वर्ष २०८१/८२को आम्दानी तथा खर्च सार्वजनिक गरेको हो।

प्रमुख प्रशासकीय अधिकृत सुरेश भट्टराईका अनुसार गाउँपालिकाले सो आवमा अनुमानित कूल बजेट ५१ करोड २४ लाख ८४ हजार रुपैयाँ ल्याएकोमध्ये चालुतर्फ ३३ करोड ५१ लाख ७२ हजार र पुँजीगततर्फ रु १७ करोड ७३ हजार रुपैयाँ बजेट विनियोजन गरिएको थियो।

बजेट खर्चको उक्त आवमा समग्र प्रगति चालुतर्फ रु २९ करोड ४१ लाख १७ हजार अर्थात् ८७ दशमलव ७५ प्रतिशत खर्च भएको छ। पुँजीगततर्फ रु १४ करोड ५५ लाख ७९ हजार अर्थात् ८२ दशमलव १ प्रतिशत खर्च भएको छ।

जम्मा चालु र पुँजीगत गरी रु ४३ करोड ९७ लाख ६४ हजार अर्थात् ८५ दशमलव ७९ प्रतिशत बजेट खर्च भएको प्रमुख प्रशासकीय अधिकृत भट्टराईले जानकारी दिए। बजेट निकासको आधारमा चालु र पुँजीगत गरी ९७ दशमलव ८३ प्रतिशत खर्च भएको छ।

विकास निर्माणदेखी सेवा प्रवाहलाई चुस्त राख्न गाउँपालिकाले हरेक वर्ष सार्वजनिक सुनुवाइ गर्ने गरेको गाउँपालिका उपाध्यक्ष गोरीकला बुढाले जानकारी दिए। सार्वजनिक सुनुवाइमा उपस्थित नागरिक, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिले गाउँपालिकाको बजेट तथा सेवा प्रवाहका विषयमा प्रश्नोत्तर गरेका थिए।

## आजको राशिफल

**मेष** — परिस्थितिले खर्च बढाउनेछ। आशा देखाउनेहरूको भरपर्दा धोका पाइएला। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ।

**वृष** — नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ।

**मिथुन** — तारिफयोग्य कामले चर्चामा ल्याउन सक्छ। प्रतिष्ठित व्यक्तिहरूको सहयोग जुट्नाले सजिलै लक्ष्य प्राप्ति हुनेछ।

**कर्कट** — शारीरिक कमजोरीले चिन्ता बढाउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला। बाध्यताले अलमल्याउन सक्छ।

**सिंह** — खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला। सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला।

**कन्या** — तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। घुमफिर तथा मनोरञ्जनको समय छ।

**तुला** — शत्रुहरू स्वतः किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ। स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ।

**वृश्चिक** — अवसरले पछ्याए पनि प्रतीक्षा गरिएको नतिजा कमजोर देखिनेछ। सहयोगीहरूले साथ नदिन सक्छन्। कामको मेसो नमिल्दा व्यवहारमा पछि परिनेछ।

**धनु** — आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ।

**मकर** — नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत

**कुम्भ** — बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर जुट्नेछ। चिताएको काम सम्पादन हुनेछ। पहिलेका कमजोरीलाई सुधार्ने मौका छ।

**मीन** — रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ।


## भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सम्बन्धमा सूचना

मिति: २०८२/०८/१६

मिति २०८२/०७/०२ गते यस भेरिगंगा नगरपालिकामा तपशिल बमोजिमका कार्यको लागि बिधुतिय बोलपत्र माध्ययम द्वारा सुचना आह्वान गरि मिति २०८२/०८/०३ गते दिनको १२:०० बजे सम्ममा दर्ता भएका बोलपत्रहरु मुल्यांकन समितिले मुल्यांकन गर्दा तपसिलमा उल्लेखित बोलपत्रहरु न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतको लागि छनौट भएको हुदा सार्बजनिक खरिद (पहिलो शंसोधन) ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्म र ठेगाना | कबोल अंक (मु.अ.क.सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | BGM/IDB/ NCB/2082/083- 18 | आपखोलि डिपबोरिंग सिरुचौर नयाँ टंकी हुदै डाँगी टंकी तथा ज्यामिरे राजी रामपुर लिफ्ट सिचाई योजना। | श्री जि.यम. निर्माण सेवा, धनगढी उपमहानगरपालिका। | रु २८,४०,४७९.००/- | |

प्रमुख प्रशासकीय अधिकृत

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

### तरकारी खेति उत्पादन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०८/१२

यस कोहलपुर नगरपालिका, नगर कृषि विकास शाखाको आ.व.२०८२/०८३ मा संघीय सशर्त अनुदान तर्फको वार्षिक स्वीकृत कार्यक्रम व्यवसायिक तरकारी खेति कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यहि मिति २०८२/०९/३ गते सम्म (अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुल्ने दिन) कोहलपुर नगरपालिका नगर कृषि विकास शाखामा तपसिलका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम कोहलपुर नगरपालिका, नगर कृषि विकास शाखाबाट प्राप्त गर्न सकिने छ। थप जानकारीको लागि नगर कृषि विकास शाखाको सम्पर्क नम्बर ०८१-५४१७५८ वा शाखा प्रमुखको मोबाईल नम्बर ९८५७८३२०८३ मा सम्पर्क गर्न सकिने छ।

**तपसिल :**

| क्र.सं. | सञ्चालन गर्न सकिने क्रियाकलापहरु र अनुदानको सीमा | न्युनतम मापदण्ड |
|---|---|---|
| १ | • तरकारीको उन्नत बीउ, कृषि औजार एवं उपकरण, साना सिँचाई निर्माण तथा मर्मत संभार, सिलपाउलीन प्लाष्टिक र क्षमता अभिवृद्धि तालिमको सहयोग हुनेछ।<br>• अनुदान प्रति हेक्टर (३० कट्टा) जमीनको लागि रु.५०,०००/-(पचास हजार) हुनेछ।<br>• क्षमता विकास तालिम वाहेकमा ५० प्रतिशत लागत साझेदारी/अनुदान हुने। | • कृषक/कृषक समुह/फार्म/कृषि सहकारी मार्फत कार्यक्रम संचालन हुनेछ।<br>• प्रस्तावकले कम्तीमा १० कट्टा देखी १ हेक्टर जमीन अर्थात डेढ विगाह (३०) कट्टा) सम्ममा तरकारी खेती गर्नुपर्ने छ। |

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१. प्रस्तावकको निवेदन, अनुसूची-२ बमोजिमको ढाँचामा।
२. दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि (समुह/निजी फार्म/कम्पनी/ सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि र आ.व.२०८२/२०८३ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
६. जगाको लालपुर्जाको प्रतिलिपि।
७. समुह वा सहकारीको अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिप।

प्रमुख प्रशासकिय अधिकृत

# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## तालिम संचालन हुने सम्बन्धि सूचना

**सूचना प्रकाशन मिति : २०८२/०८/१४**

प्रस्तुत विषयमा घरेलु तथा साना उद्योग कार्यालय नेपालगंज, बाँकेको च.न. ११२८ मिति २०८२/०८/११ गतेको प्राप्त पत्रानुसार आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका संचालन गर्न यस पालिकामा सहभागिहरुको माग भएकाले तपशिलमा उल्लेखित तालिममा सहभागि हुन इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.स. | संचालन हुने तालिम | स्वीकृत रकम रु. | सहभागि संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ढकिया बनाउने तालिम | ४०००००।- | २० जना | |
| २ | एडभान्स कटाई सिलाई | ८०००००।- | २० जना | ६५ दिने |

**आवश्यक कागजातहरु**

१. नागरिकताको प्रतिलिपि।
२. निवेदक १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।
३. निवेदक यस पालिकामा स्थायीरुपमा बसोबास गरेको भनि खुल्ने प्रमाण।
४. एडभान्स कटाई सिलाई तालिमको हकमा साधारण लेखपढ गर्न सक्ने र वेसिक तालिम लिएको हुनुपर्ने छ।

**प्रमुख प्रशासकिय अधिकृत**

# कनकासुन्दरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

विराट, सिंन्जा, जुम्ला

## बोलपत्र स्विकृत गर्ने आसय पत्रको सूचना

**प्रकाशित मितिः २०८२/०८/१६**

यस कार्यालयबाट मिति २०८२/०६/२७ गते युगआवहान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको कार्यका लागी यस गाउँपालिकामा रित पूर्वक दर्ता हुन आएका बोलपत्र दाताहरुको मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई गरीएको सिफारिस वमोजिम देहाएका न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्विकृतको लागी सार्वजनिक खरिद ऐन २०६३ दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आसयपत्रको सूचना सबैको जानकारीको लागी प्रकाशित गरिएको छ।

**तपशिल :**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको विवरण | बोल कवोल अंक (भ्याट) सहित |
|---|---|---|---|---|
| १ | NCB/Works/ 082/83 /KRM-06 | कनकासुन्दरी माध्यामिक विद्यालय फिल्ड तथा प्याराफिट निर्माण योजना, कनकासुन्दरी-०५, जुम्ला। | Royal Rashmi Construction Pvt. Ltd. Sinja-03, Jumla. | रु. ४३४६७९७.३४ |
| २ | NCB/Works/ 082/83 /KRM-07 | कनकासुन्दरी माध्यामिक विद्यालय भवन निर्माण योजना, कनकासुन्दरी-०५, जुम्ला। | Royal Rashmi Construction Pvt. Ltd. Sinja-03, Jumla. | रु. ७७७६३७०.४० |

**प्रमुख प्रशासकिय अधिकृत**

# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## ठेक्का स्वीकृतिको आशयको सूचना

**(सूचना प्रकाशन मितिः २०८२/०८/१६)**

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित वोलपत्र आव्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको बिभिन्न मितिमा बसेको वोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम तपसिलको वोलपत्र न्यूनतम मूल्यांकन सारभुत प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (मु. अ. कर तथा पि. एस. समेत) |
|---|---|---|---|---|
| 1 | NCB/BM/W/ 082/083/23 | SUPPLY DELIVERY INSTALLATION AND COMMISSIONING OF SOLAR STREET LIGHT, Birendranagar, Surkhet | Sunway Solar and Electronics Technology P. Ltd. Sanobharyand, Kathmandu | 118,56,699.84 |

**प्रमुख प्रशासकीय अधिकृत**

# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## लामो दुरीको बसपार्क भित्र रहेका भौतिक संरचना (सटरहरु) बहालमा दिने सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति : २०८२/०८/१६**

कोहलपुर नगरपालिका वडा नं ११ स्थित बसपार्क भित्र रहेको विभिन्न सटरहरु बहालमा दिने सम्बन्धमा तपसिल बमोजिमका सटरहरु देहायको दररेटमा बहालमा लगाउनुपर्ने भएकोले बहालमा लिन ईच्छुक फर्म, कम्पनी, संस्था वा व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र देहायका शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | सटर नं | प्रति सटर प्रति महिना न्यूनतम भाडा रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| 1 | A७,A13,A16 | Rs.15,000। | Rs.18,000। | बोलपत्र दस्तुर रु.१,०००। फिर्ता नहुने गरी। |
| 2 | B४, B6, B8, B10, B12 ,B13, B14, B16, B18, B20,B22,B23,B26, B27, B28, B30 | Rs.10,000। | Rs.12,000। | |
| 3 | मेडिकल सटर | Rs.12,000। | Rs.14,400। | |

**देहाय**

१. इच्छुक दरभाउपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन (२०८२/०९/०१ गते सम्म) कार्यालय समय भित्र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म वा व्यवसायको हकमा तोकिएको निकायमा दर्ता भएको व्यवसाय दर्ता प्रमाणपत्र, अद्यावधिक नवीकरण गरेको प्रमाण, स्थायी लेखा नम्बर (PAN) दर्ता र आ.व.०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु.१०००। (एक हजार रुपैंया मात्र) दस्तुर तिरेको सक्कलै रसिद पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ।
२. सूचना बमोजिम पर्न आएका प्रस्तावहरु सोह्रौ दिन (२०८२/०९/०२ गते) दिनको १२.०० बजेसम्म दाखिला गरिसक्नुपर्नेछ। दरभाउपत्र सोही दिनको २.00 बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोल्नुपर्नेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएकै कारणले प्रस्ताव खोल्न बाधा पुगेको मानिनेछैन।
३. एकभन्दा बढी सटरको प्रस्ताव पेश गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले प्रत्येक सटरका लागि छुट्टाछुट्टै प्रस्ताव पेश गर्नुपर्नेछ।
४. साबिकमा भाडामा लिई सम्झौता रद्द गर्ने व्यक्ति, फर्म वा व्यवसायीले पुनः बहालमा लिन प्रस्ताव पेश गर्न पाउने छैन। यसरी सम्झौता रद्द भएकाले प्रस्ताव पेश गरी निजले कबोल गरेको अंक सबैभन्दा बढी भएको भएतापनि निजको प्रस्ताव रद्द हुनेछ।
५. सूचना बमोजिम प्रस्ताव पर्ने व्यक्ति फर्म वा कम्पनीले आफुले प्रस्ताव हाली अन्य कुनै व्यक्ति, फर्म वा कम्पनीलाई भाडामा दिन पाउने छैन तर नगरपालिकाबाट स्वीकृति लिई नियमानुसार नामसारी गर्न सकिने छ।
६. धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं 0720501000235217 मा वा कम्तिमा ७५ दिन समयावधि भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्नेछ।
७. दरभाउपत्र खरिद रकम कोहलपुर नगरपालिकाको आन्तरिक राजश्व खाता नं 0720501000235365 मा दाखिला गरी सक्कलै भरपाई पेश गर्नुपर्नेछ।
८. एक व्यक्ति वा फर्मले १ भन्दा बढी सटरहरुका लागी प्रस्ताव पेश गरेमा क्रमशः A७,A13,A16, B४, B6, B8, B10, B12, B13, B14, B16, B18, B20,B22, B23,B26, B27, B28, B30 र मेडिकल सटर सम्म सिलसिलेबार रुपमा मूल्यांकन हुने र कुनै एकको पहिलो प्रस्ताव स्वीकृत भएमा अन्य प्रस्तावहरु स्वतः मूल्यांकन प्रक्रियाबाट बाहिरिने छ।
९. यस सूचना बमोजिमको दरभाउपत्र स्वीकृत भएमा प्रस्तावदाताले कोहलपुर नगरपालिकाको नाममा कृषि विकास बैंकमा रहेको खाता नं 0720501000235217 मा आफुले कबोल गरेको अंकको कम्तिमा ३ महिना बराबरको नगद बैंक जम्मा गरेको भौचर पेश गरेपछी मात्र सम्झौता गरिनेछ।
१०. प्रस्ताव पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिनमा उल्लेखित प्रक्रियाहरु पुरा गरिनेछ।
११. यस सूचनामा उल्लेख नभएका शर्तहरु कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधि, २०७९ तथा सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) एवं नियमावली, २०६४, अन्य प्रचलित कानून तथा कोहलपुर नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

# Birendranagar Municipality
# Office Of The Municipal Executive

Birendranagar, Surkhet
Karnali province, Nepal

## Invitation For Bids

**(First Date of publication: - 2082.08.16 B.S.)**

1. Birendranagar Municipality Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Birendranagar Municipality, Birendranagar Surkhet, Phone No: 9858063111 & PPMO website.

| S. N. | Contract No. | Name Of Work | Bid document fee (non-refundable) | Bid Security Amount | Last Date of Submission | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|
| 1 | SQ/BM/ GOODS/ 082/083/3 | Supply, Delivery of Furniture for Birendranagar Municipality, Surkhet | NRs. 1000/- | NRs.43,900.00 | 2082.9.1, 12:00 Hr | 2082.9.1, 14:00 Hr |
| 2 | SQ/BM/ GOODS/ 082/083/4 | Supply, Delivery of Computer, Printer for Birendranagar Municipality, Surkhet | NRs. 1000/- | NRs.43,000.00 | 2082.9.1, 12:00 Hr | 2082.9.1, 14:00 Hr |

**Chief Administrative Officer**

# तालिम खुल्यो ! तालिम खुल्यो !!

## सिपपछि रोजगारीको अवसर

वीरेन्द्रनगर-१२, औधोगिक क्षेत्र सुर्खेतमा सञ्चालित एक उधोगमा हाते कपडा बुनाई (हेण्डलुम तान) बाट कपडा बुनाई सम्बन्धिको ३० दिने (एक महिना) पूर्ण अभ्याससहितको प्रशिक्षण तालिम खुलेको सहर्ष जानकारी गराउँदछौं । सिप सिकेका र सिप सिक्न चाहने इच्छुक महिलाहरुले तत्काल सम्पर्क राख्नुहोला । तालिम अवधिभर खाजाको व्यवस्था गरिनेछ । तालिमबाट उत्कृष्ट सिप सिक्ने ४ जनालाई पूर्णकालिन रोजगारी प्रदान गरिनेछ ।

**तालिम सञ्चालन हुने**
**मिति** : २०८२ मंसिर २१ गतेदेखी २०८२ पुष १५ गतेसम्म
**समय** : विहान १०:०० बजेदेखी साँझ ४:०० बजेसम्म
**स्थान** : वीरेन्द्रनगर औधोगिक क्षेत्रभित्र
**सम्पर्क नं**. ९८५१३२९१६९



# सूचना । सूचना ।। सूचना ।।।

यस संस्थाको बार्षिक साधारण सभा सहकारी ऐन २०७४ र नियमावली २०७५ मा गरीएको व्यवस्था अनुसार संस्थाको कार्यक्षेत्र भित्रका सम्पूर्ण शेयर सदस्यहरुको उपस्थिती निम्न लिखित मिति, समय र स्थानमा सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**
**मिती** :- २०८२/०८/१६
**स्थान** :- टकोमा होटल
वीरेन्द्रनगर-३, हिलेखाली
**समय** :- बिहान ११:०० बजे ।

**सम्पर्क स्थान**
**हिमाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**वीरेन्द्रनगर नगरपालिका वडा नं. ३, सुर्खेत**



# स्वदेशी वस्तु प्रयोग गरौं ।

- स्वदेशी उत्पादनमा जोड दिऔं,
- स्वदेशी उत्पादनको प्रयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
- स्थानीय उद्योग र रोजगार प्रर्वद्धनमा सहयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
- राष्ट्रिय अर्थतन्त्रलाई सवल बनाऔं,
- स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
- उद्यमीको योगदानको कदर गरौं ।

**स्वदेशी वस्तु तथा सेवाको प्रर्वधन गरौं, स्वावलम्बी बनौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# केन्द्रीय...

कमिटि सदस्य तथा कर्णाली प्रदेश इन्चार्ज गोरखबहादुर बोगटी, केन्द्रीय सदस्यहरु दैलेखका विनोदकुमार शाह, विष्णु रिजाल, कालिकोटका नगिन्द्र शाही, जुम्लाका रतननाथ योगी, जाजरकोटका निरज आचार्य र रुकुमपश्चिमका चन्द्रबहादुर विश्वकर्मा, सुर्खेतका नवराज रावत लगायतका नेताहरुले सहयोग गरेका थिए ।

२०८० असोजमा भएको कर्णाली प्रदेश अधिवेशनमा पार्टी अध्यक्ष ओलीले भनेका उम्मेदवार हराउन अघि बढेका नेताहरु ११ औँ महाधिवेशन नजिकिँदै गर्दा ओलीतर्फ ढल्किएका छन् । हालसम्म कर्णालीबाट छनौट भएका प्रतिनिधि मात्रै नभएर कर्णाली प्रदेशबाट एमाले केन्द्रीय कमिटिमा प्रतिनिधित्व गर्ने कुनै पनि नेताहरुले ईश्वर पोखरेलको पक्षमा खुल्ने आट गरेका छैनन् ।

११ औँ महाधिवेशनमा नयाँ नेतृत्वका लागि अध्यक्ष पदमा ओली र पोखरेलबीच निर्वाचन हुने पक्का भएपछि ओलीको टिममा परेर चुनाव कसरी जित्ने भन्ने आन्तरिक रणनीतिमा लागेका छन् । कर्णाली प्रदेशबाट प्रतिनिधि छनौटमा केपी ओली र ईश्वर पोखरेलको गुट नदेखिए पनि स्थायी कमिटी सदस्य यामलाल कँडेल र गोरखबहादुर बोगटीबीच आन्तरिक प्रतिस्पार्धा भएको नेताहरु बताउँछन् । कर्णालीबाट एमालेको स्थायी कमिटी सदस्यमा सुर्खेतका कँडेल र हुम्लाका बोगटी छन् । उनीहरुबीच विगतदेखिनै कर्णाली प्रदेश कमिटीको अधिवेशन हुँदै जिल्ला अधिवेशनमा समेत शक्ति मापन हुँदै आएको छ ।


# गौरीगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली

## दररेट पेश गर्ने बारे सूचना

**(प्रथम पटक प्रकासित मिति:२०८२।०८।१६)**

उपरोक्त सम्वन्धमा यस नगरपालिका अन्तर्गतको नागरिक आरोग्य केन्द्रका लागि आवश्यक पर्ने आयुर्वेदिक औषधिहरु खरिद गर्नुपर्ने भएकाले ईच्छुक आपूर्तिकर्ताहरुले संलग्न BOQ अनुसार आफुले उपलव्ध गराउन सकिने दर रेट भरी तपसिलका आवश्यक कागजात सहित सिलबन्दी गरी यस सूचनाको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**
१. दर रेट पेश गरेको भन्ने व्यहोराको लिखित निवेदन ।
२. कारोबार सञ्चालनका लागि अनुमति प्राप्त दर्ता प्रमाणपत्र ।
३. PAN वा VAT मा दर्ता भएको प्रमाणपत्र ।
४. आ.व.२०८१/२०८२को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. BOQ मा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेखी बन्द खामभित्र राखी पेश गर्नु पर्नेछ । केरमेट भएको दर रेट (BOQ)मूल्याङ्कनमा समावेश गरिने छैन

**पुनश्च :** यसको BOQ यस कार्यालयको वेव पेजबाट प्राप्त गर्न सकिनेछ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**






# ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

## हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किता(ाबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)








**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।